# <u>सम्झौता सम्पन</u>

गोदावरी नगरपालिकाका नगर प्रमुख श्री गजेन्द्र महर्जन, उप–पमुख श्री मुना अधिकारी, नगर शिक्षा शाखाका उपसचिव श्री नारायणकाजी कासिछवा, नेपाल रेडक्रस सोसाइटी ललितपुर जिल्लाशाखाका सभापति श्री वावुराजा महर्जनको उपस्थितिमा **"संकटासन्न विद्यालयहरुमा प्रकोप जोखिम अल्पीकरणका लागि विद्यालयको अगुवाईमा सानास्तरको अल्पीकरण कार्यक्रम सञ्चालन "**का लागि नेपाल रेडक्रस सोसाइटी, ललितपुरमा संचालित **"उत्थानशील नगर प्रवर्द्धन र सहभागीता कार्यक्रम (SURE)"** बाट गोदावरी नगरपालिकाका कार्यक्रमले छनौट गरेका ४० विद्यालय मध्ये श्रीबुद्ध माध्याविका विद्यालय, टिकाभैरव, श्रीसरस्वती माध्याविक विद्यालय, लेले, श्रीगणेश माध्यामिक विद्यालय, डुकुछाप, श्रीवाणिविलास माध्याविक विद्यालय,चापागाँऊ र श्रीसरस्वती माध्यामिक विद्याल ठेचो गरि पाँच विद्यालय विद्यालयले महसुस गरेको प्रकोप जोखिम अल्पीकरण कार्यक्रमको लागि प्रति विद्यालय रु. १,००,०००।– (एक लाख मात्र) को सम्झौता सम्पन्न गरिएको छ ।



नेपाल रेडक्रस सोसाइटीले विद्यालयले महसुस गरेको प्रकोप जोखिम अल्पीकरणको लागत ईस्टमेट तयार गर्ने, तिन किस्तामा रकम उपलब्ध गराउने र नगर शिक्षा शाखाले अनुगमन गर्ने र विद्यालयले नेपालल रेडक्रस सोसाइटीले उपलब्ध गराएको रकम र विद्यालयको समेत आर्थिक सहभागीताका २०७६ भाद्र महिना भित्र कार्यक्रम सम्पन्न गर्ने गरी सम्झौता सम्पन्न भएको छ ।

उक्त सम्झौता कार्यक्रममा विद्यालयका प्रधानाअध्यापकहरुले नेपाल रेडक्रसको सानो सहयोगले हामीले महसुस गरेको तर समाधान गर्न आर्थिक अभावले नसिकएका कार्यहरु गर्न विद्यालयलाई कोशेढुङ्गा सावित भएको छ भन्नु भयो । नगर शिक्षा शाखाका उप सचिव श्री नारायणकाजी कासिछ्वाले रेडक्रसले साना साना कार्यक्रमको अलवा आषाढ २६ गते देखि लगातार दिन सम्मको अविरल वर्षाका कारण यस क्षेत्रका दुई विद्यालय क्षतिग्रष्त भै पठनपाठनमा समेत बाधा पुगेकाले ती दुई विद्यालयका लागि छुट्टै कार्यक्रमबाट सम्वोधन गर्न अनुरोध गर्नु भयो, नेपाल रेडक्रस सोसाइटीका सभापति श्री वाबुराजा महर्जनले गोदावरी नगरपालिकाले रेडक्रसका प्रत्येक कार्यक्रमलाई सहयोग पुऱ्याउदै आएकोमा गोदावरी नगर प्रमुख मार्फत उहाँका समुहलाई हार्दिक धन्यवाद दिदै विद्यालयमा गएिको कार्यक्रमको अनुगमन गरी पृष्ठपोषण दिनु हुन अनुरोध गर्ने भयो ।

गोदावरी नगरपालिका प्रमुख श्री गजेन्द्र महर्जनज्यले विपद आएपछि गर्ने कार्य भन्दा विपद पूर्व गरिने कार्यक्रम मूख्य भएकाले नेपाल रेडक्रस सोसाइटीले पुऱ्याउदै आएको विपद सम्बन्धी नीति निर्माण, योजना निर्माण, तालिम गोष्ठीको अलवा विपदका लागि आवश्यक सामग्रीहरुको व्यवस्थापनमा सहयोग गर्न जोड दिनु भयो त्यस कार्यको लागि आवश्यक स्थान र गोदामको लागि स्थान नगरपालिकाले उपलब्ध गराउने वचन दिनुका साथै आगामी वार्षिक कार्यक्रम तयार गर्दा कम्तीमा १००० परिवारका लागि पुग्ने राहत सामग्री भण्डारको व्यवस्था राख्न अनुरोध समेत गर्नु भयो । उक्त कार्यक्रमा नगरपालिकाको सहयोग

उपलब्ध हुने जानकारी गराउनु भयो । कार्यक्रममा उत्थानशील नगर प्रवर्द्धन र सहभागीता कार्यक्रम का अन्य कर्मचारीको उपस्थितीमा कार्यक्रमका संयोजक श्री ललित खतिवडाले सहजीकरण गर्नु भएको थियो ।